बैठक संख्याः १११ औं

मिति २०८२/१२/३० गते नेपाल संवत् ११४६ चौलागा ११ सोमबार दिउँसो १:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको १११ औं (मिति २०८२/१२/३०) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/११/२९ गते बसेको कार्यपालिकाको ११० औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को फागुन महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८३/०१/१५ गते यस नगरपालिकाको वडा नं २ स्थित श्री शारदा माध्यामिक विद्यालयमा सञ्चालन गर्ने निर्णय गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकामा खेतीयोग्य जमिनको क्षेत्रफल १०७७ हेक्टर रहेको र बाह्रै महिना सिंचित हुने जमिनको क्षेत्रफल ४५० हेक्टर रहेको छ। उक्त खेतीयोग्य जमिनको लागि जम्मा ७३३ मे.ट रासायनिक यरिया मल आवश्यक रहेकोमा आ.व.२०८२/८३ मा जम्मा २०८ मे.ट. मात्र प्राप्त भएको, ५९० मे.ट. डि.ए.पी मल आवश्यक रहेकोमा आ.व.२०८२/८३ मा जम्मा २०० मे.ट.मात्र प्राप्त भएको र ११२ मे.ट. पोटास आवश्यक रहेकोमा १४ मे.ट मात्र प्राप्त भएको छ। गत आ.व सम्म यस नगरपालिकाका सम्पूर्ण क्षेत्र आवसीय क्षेत्रमा वर्गीकरण गरिएकोमा हालै सम्पन्न यस नगरपालिकाको भूउपयोग वर्गीकरण अनुसार ११२५.२८ हेक्टर (१८.६८ प्रतिशत) जमिन कृषि क्षेत्रको रुपमा वर्गीकरण गरिएको हुँदा यस नगरपालिकालाई आवश्यक थप ५२५ मे.ट. युरिया, ३९० मे.ट. डि.ए.पी र ९८ मे.ट. पोटास रासायनिक मल उपलब्ध गराउन भनी बागमती प्रदेश सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई नेपाल सरकारद्वारा प्रदान गरिने थप अनुदानको मलको सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | यस नगारपालिकाको क्षेत्र भित्र अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा कार्यक्रमका विभिन्न क्रियाकलापहरु सञ्चालन भएको विवरण सहित समीक्षा गरियो । निर्दिष्ट समयावधि भित्र अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चित भएको पालिका घोषणाका लागि आवश्यक सहयोग गर्न सरोकारवाला सबैलाई अनुरोध गर्ने निर्णय गरियो। |
| निर्णय नं ६: | यस नगरापलिकाको नगर शिक्षा समितिबाट सिफारिस भएको "सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलानका आधार एवं मापदण्ड, २०८२" स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी राजस्व सुधार रणनीति सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना अद्यावधिक गर्न स्थानीय राजस्व परामर्श समितिको मिति २०८२ पौष १३ गतेको सिफारिस बमोजिम राजस्व सुधार कार्ययोजना अद्यावधिक गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ८: | मिति २०८३/०१/०४ शुक्रबारका दिन यस नगरपालिकाको वडा नं ९- इन्द्रायणीमा मनाउँदै आएको स्थानीय पर्व श्री गणेश इन्द्रायणी ब्रम्हायणी मूल जात्राको उपलक्ष्यमा अत्यावश्यक सेवा बाहेक यस नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय पर्व बिदा दिने निर्णय गरियो। |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

| | |
|---|---|
| निर्णय नं ९: | स्थानीय तहको सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न, स्थानीय तहको सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहगोग र सहजीकरण गर्ने प्रयोजनका साथ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा निर्माण गरिकएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा यस नगरपालिकाको आ.व. २०८१/८२ मा सम्बन्धित विषयगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकको प्रगतिसँग सम्बन्धित तथ्य, तथ्याङ्क र प्रमाण सहितको विवरण प्रणालीमा प्रविष्टि गर्दा प्रारम्भिक नतिजामा जम्मा ७५.३ प्रतिशत प्राप्त गरेको र सोको पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाइएकोमा जिल्ला समन्वय समितिद्वारा स्वःमूल्याङ्कनको प्रारम्भिक नतिजाको प्रविष्ट प्रमाण तथा कागजातको अध्ययन तथा विश्लेषण गरी स्वःमूल्याङ्कन नतिजालाई अन्तिम रुप दिई उक्त नतिजामा कुनै पनि संशोधन नगरेको हुँदा अन्तिम नतिजा मन्त्रालयमा पठाउने निर्णय गरियो। |
| निर्णय नं १०: | यस शंखरापुर नगरपालिकाको व्यवस्थापन परीक्षण कार्यविधि,२०८२ पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | यस नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०७८ को १९ र २० मा रहेका अनुसूचीहरुमा यसै निर्णयको अनुसूची ३ बमोजिम संशोधन गर्ने निर्णय गरियो। |
| निर्णय नं १२: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं १३: | शंखरापुर, कागेश्वरी मनोहरा र चाँगुनारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा चक्रीय अर्थ व्यवस्थामा संयुक्त समन्वय व्यवस्थापन सम्बन्धी प्रारुप, २०८२ पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं १४: | यस नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र चालु वार्षिक बजेट कार्यक्रमको लक्ष्य र उपलब्धिको समीक्षा गरियो। |
| निर्णय नं १५: | शैक्षिक सत्र २०८३ देखि यस नगरपालिका भित्र विद्यालय सञ्चालन गर्न अनुमति माग गरेका देहायका विद्यालयहरुलाई तोकिए बमोजिमका कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।<br>क. काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं १५ मा सञ्चालित "चित्रदुर्गा शिक्षा सदन" यस नगरपालिकाको वडा नं १ को जगतेमा स्थानान्तरण (कक्षा ३)<br>ख. यस नगरपालिकाको वडा नं ५ को कात्तिकेमा सञ्चालन गर्ने गरी "घी विद्यालय" ( गुम्बा) निजी शैक्षिक गुठी (पूर्व प्राथमिक कक्षा सहित कक्षा १) |
| निर्णय नं १६: | यस नगरपालिकाको वडा नं ९ मा सञ्चालन हुने श्री गणेश इन्द्रायणी ब्रम्हायणी मूल जात्राको लागि नगरस्तरीय जात्रा पर्व सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट रु ३,००,०००/-(अक्षररुपी रु तीन लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो। |

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

............................ ............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको ११० औं (मिति २०८२/११/२९) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | स्थानीय भू-उपयोग परिषदबाट स्वीकृत भू-उपयोग वर्गीकरण तथा कित्तागत विवरण अद्यावधिक गर्ने | सम्पन्न |
| निर्णय नं ४: | अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको पालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने | सम्पन्न |
| निर्णय नं ५: | सङ्घीय सर्सत अनुदान तर्फको तरकारी बालीको नँया पकेट विकास कार्यक्रम (५०%अनुदान) अन्तर्गत तीनवटा फर्महरुलाई अनुदान दिने | सम्पन्न |
| निर्णय नं ६: | यस नगरपालिकाको "आधारभूत शिक्षा (कक्षा ५ र ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२" पारित गर्ने | सम्पन्न |
| निर्णय नं ७: | यस नगरपालिकाको "विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन एवम् विद्यालय स्थानान्तरण सम्बन्धी कार्यविधि, २०८२" पारित गर्ने | सम्पन्न |
| निर्णय नं ८: | यस नगरपालिकाको"श्रम डेस्क सञ्चालन कार्यविधि, २०८२" पारित गर्ने | सम्पन्न |
| निर्णय नं ९: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइएको | सम्पन्न |
| निर्णय नं १०: | श्री बज्रयोगिनी माई विराजमान हुने भवनलाई माई राखयोग्य बनाउन प्राविधिक लागत अनुमान अनुसार अस्थायी छाना तथा रङ्गरोगन तथा अन्य आवश्यक अस्थायी संरचना निर्माणको लागि नगर भैपरी कोषबाट रु ५,००,०००/- (अक्षररुपी रु पाँच लाख मात्र) विनियोजन | सम्पन्न |
| निर्णय नं ११: | केराबारी बस्ती सडक स्तरोन्नति गर्ने गरी वडा समितिको निर्णय भई आएकोले केराबारी बस्ती सडक स्तरोन्नति गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १२: | ठेक्का नं **SMO/82-83/27 Deurali Patap Sadak** मा ढुङ्गाको सोलिङ्ग गरेर लागत अनुमान तयार भएकोमा माग बमोझिम ग्राभेल राखी ढलान गर्दा लागत रु २,०५,०६५/- (अक्षररुपी रु दुई लाख पाँच हजार र पैसठ्ठी मात्र) २.८७ प्रतिशत घट्ने हुँदा नयाँ सम्झौता रकम रु ७८,८६,२७६.३७/- अक्षररुपी रु अठहत्तर छयासी लाख दुई सय छयत्तर र पैसा तीन सात मात्र भ्याट र पि.एस सहित कायम गरी भेरिएशन आदेश स्वीकृत गर्ने | सम्पन्न |
| निर्णय नं १३: | श्री शिलादेवी आधारभूत विद्यालयको पूर्वाधार निर्माण कार्यक्रमका लागि विनियोजित बजेट रु ७,००,०००/- (अक्षररुपी सात लाख रुपैयाँ मात्र) बाट हाल विद्यालयले चर्चेको जग्गामा विद्यालय भवन निर्माणका लागि अनुमति दिई प्रक्रिया अगाडि बढाउने | सम्पन्न |
| निर्णय नं १४: | यस नगरपालिकाको क्षेत्र भित्र सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षकहरु दिवंगत भएको अवस्थामा एक दिन नगरपालिका भित्रका विद्यालयहरुमा शोक विदा दिने | सम्पन्न |

.............................. ..............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | | |
|---|---|---|
| निर्णय नं १५ | श्री माधवनारायण स्वास्थानी ब्रत तथा शालिनदी सुधार समितिको च.नं. १०२३ मिति २०८२/१०/२१ को पत्रानुसार माग भएको हुँदा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फोहोरमैला व्यवस्थापन शीर्षकबाट जम्मा रकम रु ४,६३,०००/- (अक्षररुपी रु चार लाख त्रिसठ्ठी हजार मात्र) भुक्तानी हुने गरी उक्त समितिलाई अनुदान दिने | कार्यान्वयनको चरणमा |
| निर्णय नं १६ | श्री बज्रयोगिनी माई मूल जात्राको अवसरमा अत्यावश्यक सेवा बाहेक यस नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय पर्व विदा दिने | सम्पन्न |
| निर्णय नं १७ | यस नगरपालिकाको **Dharapani Gurung Tole Tatha Chaukibhanjyang Nangle Sadak (SMO/82-83/28)** निर्माण गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम **Jalpari Construction and Suppliers Pvt. Ltd** निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्न मिति २०८३/०१/३० सम्म म्याद थप गर्ने | सम्पन्न |
| निर्णय नं १८ | इन्द्रयाणी मन्दिरको पेटी तत्काल मर्मत गर्न नगरस्तरीय मर्मत संभार कोषबाट २५०,०००/- (अक्षररुपी रु दुई लाख मात्र)खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने | सम्पन्न |

.............................. ..............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

# अनुसूची २

## शंखरापुर नगरपालिका
## साँखु, काठमाण्डौ
## योजना अनुगमन तथा सुपरिवेक्षण समिति
## आ.ब. २०८२।८३ फागुन महिनाको प्रतिवेदन

**१. पृष्ठभूमि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**२. उद्देश्य**

यस प्रतिवेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को फागुन महिनामा भएः गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

**३. अनुगमनमा सहभागी**

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

**४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु**

**क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु**

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

**ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु**

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरिएका योजनाहरु २०८३ बैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अम्रिसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

............................ प्रमुख प्रशासकीय अधिकृत

............................ नगर प्रमुख

१११ औं कार्यपालिका बैठक  ३० चैत्र २०८२, ने.सं. ११४६ चिल्लागा ११ सोमबार

## अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क.स. | वडा नं. | योजना | रकम (हजारमा) |
|---|---|---|---|
| १ | ६ | चट्टिटार सहायक सडक | ८५० |
| २ | ७ | सुकेखोला अधुरो बाटो | १६०० |
| ३ | ७ | मनमत्ता खोला भुल्भु जाने बाटो | १६०० |
| ४ | ७ | मनत्ता चिहानपाटी | ५०० |
| ५ | ५ | श्रीकृष्ण सुधामृत जाने बाटो | ७०० |
| ६ | ५ | भन्ज्याङबाट चित्रेखोला सडक | ५०० |
| ७ | ५ | चित्रेखोलाबाट नगरकोटीटोल जाने सडक | ३०० |
| ८ | ५ | नगरकोटीटोलबाट नारायणथान जाने सडक | ५०० |
| ९ | ९ | गणेश मन्दिर निर्माण साविक ५ | ४०० |
| १० | ८ | कला लिम्बुको घर हुँदै भुल्भू जाने बाटो पुछारटोल बर पिपल चौतारा अर्जेलटोल बाटो | १६०० |
| ११ | ८ | सिरानटोल ठाडो बाटो, बिचटोल कालिका मन्दिर जानेबाटो थापागाउँ खोल्सीबाटो भुजेलटोल बाटो | ३००० |
| १२ | ६ | भाग्योदय मा वि भवन निर्माण | २८१९ |
| १३ | ७ | धुल्ला महादेवस्थान आसुखुसी नाईखोला सडक | २४४९ |
| १४ | २ | ईसिङखोला भातेखेत सिंचाई | ६५० |
| १५ | २ | लाकुरीबोट घलेगाउँ सडक | ३१६७ |
| १६ | २ | बालुवा भन्ज्याङ श्यालपुण्य ग्राम बेशी एग्रोफार्म हुँदै ससकन्या सडक | ३२४१ |
| १७ | २ | ससकन्या पिपलचौर दंगालगाउ जाने सडक | २५० |
| १८ | २ | स्वर्णिमपुर चक्रपथ गैरावारी खहरे पहिरो र सडक मर्मत | २५० |
| १९ | २ | आहाले लामिछाने मुहान हरिबोट सिंचाइ कुलो र पहिरो नियन्त्रण | ८०० |
| २० | २ | बैसट्टी महिले सडक | १५० |
| २१ | २ | कैजले सिमफाँट भल नियन्त्रण | २०० |
| २२ | ४ | मेवाथली कार्कीटोल मोटरबाटो | १६०० |
| २३ | ७ | बज्रयोगिनी बगैंचा | ५०० |
| २४ | ८ | पोते थिङको घर मुनि देखि जाने बाटो | १५० |
| | | जम्मा | २७७७६ |

| प्रतिवेदन तयार कर्ता | प्रतिवेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।११।२९ | मितिः २०८२।११।२९ |

..........................
प्रमुख प्रशासकीय अधिकृत

..........................
नगर प्रमुख

## अनुसूची ३

## शंखरापुर नगरपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची -१९ को

## तीन महले

| क. स. | कार्यविधिमा भएको साविक व्यवस्था | कर्यविधिमा कायम हुने हालको व्यवस्था | कार्यविधिमा संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | २.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या सम्बोधन गर्न औसत कति दिन लगाउने गरेको छ ?<br>१ दिन ( ) २ दिन ( ) धेरै दिन ( ) | २.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या सम्बोधन गर्न औसत कति दिन लगाउने गरेको छ?<br>सोही दिन ( ) २ दिन ( )२ दिन भन्दा बढी ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| २ | ३.४ यस कायार्लयले विपन्न बर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?<br>छ ( ) छैन ( ) अलिअलि थाहा छ ( ) | ३.४ यस कायार्लयले लक्षित बर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?<br>छ ( ) छैन ( ) अलिअलि थाहा छ ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ३ | ४.३ यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?<br>१ पटक ( ) २ पटक ( ) सो भन्दा वढी ( ) | ४.३ यस कार्यालयमा तपाईंले एउटा कामको लागि तोकिएको अवधिभन्दा अतिरिक्त कति पटक आउनु पऱ्यो ?<br>समयावधि भित्र मात्र ( ) १ पटक ( ) १ पटक भन्दा वढी ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ४ | ५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>अति राम्रो ( ) ठीकै ( ) खासै राम्रो छैन ( )<br>५.४ पालिका तहमा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत हुने गरेको छ ?<br>२० प्रतिशत ( )५० प्रतिशत ( ) थाहा छैन ( )<br>५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम, निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?<br>छ ( ) ठीकै छ ( ) प्रतिनिधित्व साह्रै कम छ ( ) | ५.३ कार्यालयको सेवाग्राही प्रतिको व्यवहार कस्तो छ ?<br>अति राम्रो ( ) ठीकै ( ) खासै राम्रो छैन ( )<br>५.४ कार्यालयबाट सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति हुने गरेको देख्नु सुन्नु भएको छ ?<br>छ ( ) छैन ( ) थाहा छैन ( )<br>५.५ नगरपालिकाबाट तर्जुमा गरिने कानुन, नीति, नियम, निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?<br>छ ( ) छैन ( )<br>जानकारी प्राप्त भए तापनि उपस्थित नभएको ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ५ | ६.१ तपाईंको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेकाछन् ?<br>धेरै ( ) कम ( ) गरेको छैन ( ) | ६.१ तपाईंले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गर्नुभएको छ ?<br>धेरै ( ) कम ( ) गरेको छैन ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | ६.२ तपाईंको विचारमा नगरपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? धेरै ( ) ठीकै ( ) अति कम ( ) | ६.२ तपाईंको विचारमा नगरपालिकाले नागरिक वडापत्र अनुरुप कति हदसम्म सेवा पद्रान गरेको जस्तो लाग्छ ? धेरै ( ) ठीकै ( ) अति कम ( ) | |
| ६ | १.३ त्याहाँबाट दिने सिफारिस लिँदा कसको सहयोग लिनुभयो? आफै ( ) मध्यस्थकर्ता वा कार्यकर्ता एकै मान्छे( ) नेता ठूलाबडा ( १.४ राजश्व को-कससँग उठाउने गर्दछन् ? सबैसँग उठाउँछन् ( ) सीमित व्यक्तिसँग मात्र उठाउँछन् ( ) आयको आधारमा उठाउँछन् ( ) | १.३ कार्यालयबाट दिने सिफारिस लिँदा कसको सहयोग लिनुभयो? आफै ( ) मध्यस्थकर्ता वा कायर्कता एकै मान्छे ( ) नेता ठूलाबडा ( ) १.४ एकै प्रकृतिको सिफारिसमा फरक राजस्व लिइएको पाउनु भएको छ ? समान ( ) असमान ( ) थाहा नभएको ( ) | सिफारिस प्राप्त गर्ने कार्यालय र सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ७ | २.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? तुरुन्तै हुन्छ ( ) पटक पटक भने पछि मात्रै हुन्छ ( ) जति भने पनि हुन्न ( ) २.३ तपाईंको विचारमा नगरपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्दछ ?. नियमित र राम्रोसँग ( ) ठीकै गर्छ ( ) नियमित रुपमा गर्दैन ( ) | २.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही हुने गरेको छ/छैन ? तुरुन्तै हुन्छ ( ) पटक पटक भने पछि मात्रै हुन्छ ( ) जति भने पनि हुन्न ( ) २.३ तपाईं को विचारमा नगरपालिकाको पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सन्तोषजनक छ/छैन? छ ( ) छैन ( ) स्रोत अनुसार ठिकै छ ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ८ | २.६ स्थानीय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? सहज ( ) असहज ( ) ठीकै ( ) अप्ठ्यारो ( ) | २.६ नगरपालिकाबाट योजना/कार्यक्रमको भुक्तानी लिँदा कस्तो अनुभव गर्नुभएको छ ? सहज ( ) असहज ( ) ठीकै ( ) अप्ठ्यारो ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |
| ९ | ३.१ आर्थीक श्रोत कस्तो छ ? आवश्यक श्रोत उपलब्ध ( ) कम श्रोत उपलब्ध( ) अति कम श्रोत उपलब्ध( ) | ३.१ तपाईंले नगरपालिकालाई तिर्नुपर्ने कर समयमा बुझाउनु भएको छ? छ ( ) छैन ( ) काम पर्दा मात्र बुझाउँछु ( ) | सेवाग्राही सँग करको सम्बन्धमा जानकारी पाउनु पर्ने भएकाले । |
| १० | ३.४ नगरपालिकाको आम्दानी र खर्च कार्यालय बहिर हुचना पाटीमा टाँसेको देखुभयो ? टाँसको देखेको छु ( ) कहिले | ३.४ नगरपालिकाको कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? सन्तुष्ट ( ) ठीकै ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |

............................................ ............................................
प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | कही टाँसेको देखिन्छ ( ) खै कतै देखिएन ( | कुनै जानकारी छैन ( ) | |
| | ४.१ यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ?<br>धेरै जानकारी पाएको छु( ) ठीकै जानकारी पाएको छु( ) कम जानकारी पाएको छु( ) | ४.१ यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ?<br>पाएको छु ( ) ठीकै पाएको छु ( ) पाएको छैन ( ) | सवाल र जवाफलाई स्पष्ट गर्नु पर्ने भएकाले । |

................................
प्रमुख प्रशासकीय अधिकृत

................................
नगर प्रमुख

**शंखरापुर नगरपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची -२० को**

**तीन महले**

**बहिर्गमन अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा**

| क्र. स. | कार्यविधिमा भएको साविक व्यवस्था | कर्यविधिमा कायम हुने हालको व्यवस्था | कार्यविधिमा संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| ७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा (☑) चिन्ह दिनुहोस् । | | | |
| १ | क) सिफारिस लिन /पुऱ्याउन/<br>ख) अनुमति /दर्ता /नवीकरण<br>ग) आर्थिक सहयोग लिन<br>घ) योजना माग गर्न<br>ङ) योजना किस्ता लिन<br>च) योजनाको मुल्याङकन तथा फरफारक गराउन<br>छ) योजनाको अन्तिम भुक्तानी लिन<br>ज) स्थानीय सरकारले रखेको सूचना प्राप्त गर्न<br>झ) सूचनामूलक सामग्री प्राप्त गर्न<br>ञ) अन्य कुनै भए | क) सिफारिस लिन /पुऱ्याउन/कन्सुलर प्रमाणीकरण गर्न<br>ख) अनुमति /दर्ता /नवीकरण/परिचयपत्र<br>ग) आर्थिक सहयोग लिन/राजश्व बुझाउन<br>घ) योजना माग गर्न/सम्झौता/लागत अनुमान तयार गर्न<br>ङ) गुनासो/विवाद दर्ता गर्न<br>च) नक्सा पास सम्बन्धमा<br>छ) योजनाको भुक्तानी लिन<br>ज) सूचना प्राप्त गर्न<br>झ) सूचनामूलक सामग्री प्राप्त गर्न<br>ञ) अन्य कुनै भए | स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नगरपालिकाको काम, कर्तव्य अधिकारलाई समावेश गर्नु पर्ने भएकाले । |
| २ | ८) सेवा सुविधा प्राप्ति सम्बन्धी तपाईँको स्वमूल्याङ्कन कस्तो रह्यो? | | |
| | ३ तपाईँले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | ३ तपाईँ प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | वाच्य स्पष्ट गर्नु पर्ने देखिएकोले । |

.................................. ..................................

**प्रमुख प्रशासकीय अधिकृत** **नगर प्रमुख**